नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३
Gmail:- daodadeldhura133@gmail.com

पत्र संख्या :- २०७७/०७८/प्र.

मिति :- २०७८/०२/३०

## डडेल्धुराका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

डडेल्धुरा जिल्लामा अझैपनि नयाँ भेरियन्टको कोभिड-१९ महामारीको संक्रमण बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/२२ को आदेशलाई तपसिल बमोजिम हुने गरी मिति २०७८/०२/३१ गते राती १२:०० बजे देखि मिति २०७८/०३/०७ गते राती १२:०० बजेसम्म डडेल्धुरा जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### तपसिल

१. सर्वसाधारणको आवतजावतको हकमा

क. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर वाहिर ननिस्किने ।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने।

घ. नेपाल सरकारका कर्मचारी, बैंक तथा अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्न दिने ।

२. अत्यावश्यक सामग्री खरिदका सम्बन्धमाः

क. औषधि तथा स्वास्थ्य सामग्रीका पसल बाहेक अन्य पसल हाललाई बन्द गर्ने ।

ख. खाद्य सामग्रीका पसलहरु, तरकारी, दुग्धजन्य तथा मासु पसल र स्टेशनरी पसलहरु बिहान ०७:०० बजे देखि बिहान १२:०० बजेसम्म खुला गर्ने ।

ग. खाद्य सामग्री, ग्रोसरी, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेका जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालना गरेर मात्र संचालन गर्ने ।

घ. अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव देखाई मूल्य बृद्धि, कालोबजारी वा जम्माखोरी गर्ने, लुकाउने वा आपुर्तिमा अवरोध सृजना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून वमोजिम कारवाही गर्ने ।

क्रमशः

प्रमुख जिल्ला अधिकारी

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्स: :०९६-४२०१५३
Gmail:- daodadeldhura133@gmail.com

३. सभा सम्मेलनको हकमा

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, क्लव, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, पुस्तकालय, संग्रहालय, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. विवाह, व्रतबन्धको हकमा बढीमा १० जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने । होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने ।

ग. विवाह वा ब्रतबन्धको हकमा १ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाउने ।

घ. पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने ।

४. अत्यावश्यक कार्यमा सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट हुने सहजीकरण

क. मृत्यु संस्कारका लागि जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिन पेश गर्नु पर्ने कागजातको हकमा मृत्यु संस्कारका लागि जानु पर्ने वा फर्किनु पर्ने अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र वा सम्बन्धित वडाको सिफारिश, परिचय खुल्ने कागजातको प्रतिलिपी सहित निवेदन पेश गर्ने ।

ख. बिरामी तथा कुरुवाको हकमा बिरामी तथा कुरुवाको अस्पतालको भर्ना कार्ड वा रिपोर्ट कार्डका आधारमा १ जनाले आवतजावत गर्न पाउने र परिवारका सदस्य वा आफन्त विरामी भएको बिरामीको रिपोर्ट कार्ड/भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित निवेदन पेश गर्ने ।

ग. सुरक्षा गार्डहरुको हकमा परिचय पत्र र पोशाक लगाएर ड्युटी आवत जावत गर्न पाउने ।

५. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा

क. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०२/३१ गते राती १२:०० बजे देखि मिति २०७८/०३/०७ गते राती १२:०० बजेसम्म डडेल्धुरा जिल्लाभर रोक लगाउने।

ख. अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरूवा (१ जना) बोकेका एम्वुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन डडेल्धुरा जिल्ला भित्र प्रवेशमा रोक लगाउने ।

ग. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, विद्युत मर्मत सम्भार, स्वास्थ्य सम्बद्ध (औषधी, अक्सिजन सिलिण्डर), दूरसंचार/इन्टरनेट मर्मत, आइसोलेसन र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी संचालन गर्न पाउने ।

२०७८/०२/३०

क्रमश.

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३
Gmail:- daodadeldhura133@gmail.com

घ. तरकारी, फलफूल, दूध तथा दूग्धजन्य पदार्थ र सोको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला र पशुपंछीजन्य पदार्थ, भेटनरी सम्बन्धी कार्य, ईन्धन, खाना पकाउने ग्यास, सरसफाईमा प्रयोग गरिने साबुन/स्यानिटाइजर, प्रिन्ट तथा सरकारी छापाखाना लगायतका ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी राति ०९:०० बजे देखि बिहान ०९:०० बजे सम्म संचालन गर्न पाउने ।

ङ. विकास निर्माण आयोजनाको हकमा सम्बन्धित कार्यालय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको सवारी पास (मोटरसाइकल बाहेक) लिएर मात्र यस जिल्लामा सञ्चालन गर्ने ।

च. बैंक तथा वित्तिय संस्थाहरु स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई बिहान ०९:०० बजे देखि १२:०० बजे सम्म मात्र सञ्चालन गर्ने ।

छ. अत्यावश्यक सेवा बाहेकका सार्वजनिक संघ संस्था, संस्थान, वित्तिय संस्था, बिमा लगायतका कार्यालयहरुको सेवा प्रवाह स्थगन गर्ने । सरकारी कार्यालयहरुले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई कार्यालयको अत्यावश्यक काम गर्नका लागि जोखीम हेरी सम्बन्धित कार्यालय प्रमुखले कार्यालय खोली सेवा प्रवाह गर्न सक्नेछन् ।

६. औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धि पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने।

७. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना तथा प्रसारण विभागको प्रेस पासका आधारमा आवत जावतमा सहजीकरण गर्ने । सूचना तथा प्रसारण विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा आधिकारिक निकायमा दर्ता भएको सम्बन्धित संचार गृहको किटानी सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले जारी गरेको पासको आधारमा मात्र आवत जावत गर्न सकिने ।

८. कुटनितिक नियोगका निलो प्लेटका सवारी साधनको हकमा परिचय वाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवश्यक नपर्ने ।

९. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गर्ने । यस सम्बन्धमा मिति २०७८/०२/१२ गतेदेखि निरन्तर रुपमा जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको ।

२०७८/०४/३०

(हरि प्रसाद घिमिरे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी